# मिनी संसद्मा महिनौंदेखि अल्झिए विधेयक

ईश्वरी सुबेदी
काठमाडौं, असार १

कानुन निर्माण व्यस्त रहनुपर्ने संसदीय समितिका बैठक नियमित बस्न नसक्दा समितिमा पठाएका विधेयक महिनौंदेखि अल्झिएका छन्। दोस्रो अधिवेशनदेखि संसदीय समितिमा पठाइएका विधेयक चौंथो अधिवेशनसम्ममा पनि सकिएका छैनन्। चौंथो अधिवेशनमा थप ११ विधेयक संसदीय समितिमा पुगेका छन्। मिनी संसद् मानिने समितिमा यतिबेला २१ विधेयक छन्। तीमध्ये प्रतिनिसभामाका समितिमा १८ र राष्ट्रियसभा समितिमा ३ विधेयक छन्।

सरकारले संसद्मा दर्ता गरेका विधेयकहरू संसद्मा अल्झिएपछि कानुन निर्माण गर्ने थलो कानुन अल्झाउने थलोमा परिणत हुन थालेको टिप्पणी हुन थालेको छ। सरकारले बिजनेस दिएन भनेर सभामुखले सरकारसँग विभिन्न समयमा आग्रह गरे पनि सरकारले संसद्मा विधेयक ल्याएपछि भने सभामुखले विधेयकको गतिबारे चासो देखाएका छैनन्। सभामुख कृष्णबहादुर महराले सभापतिलाई विधेयक छिटो पारित गर्न कुनै निर्देशन नदिए पनि अर्थ समितिले भने सबैभन्दा छिटो विधेयक पारित गर्दै आएको अर्थ समिति सभापति कृष्णप्रसाद दाहालले भने। 'हामी असारको ७, ८ देखि लगातार बैठक राख्ने तयारीमा छौं, असारभरिमा हामी सबै विधेयकको काम सक्ने छौं,' उनले भने। संसद्को 'फूल हाउस' मा विनियोजन विधेयक २०७६ का विभिन्न शिर्षकमाथिको छलफल जारी भए पनि संसदीय समितिले विधेयकमाथि छलफल गर्न कुनै कठिनाइ नहुने संसद् सचिवालयका एक अधिकारीले बताए।

प्रतिनिधिसभाको राज्य व्यवस्था समिति, अर्थ समिति, उद्योग समिति, महिला समिति, विकास समिति, शिक्षा समिति र कानुन तथा मानवअधिकार समितिमा विधेयकहरू थन्किएर रहेका छन्। नयाँ कानुन निर्माण गर्ने क्रममा सरकारले संसद्मा दर्ता गरेका विधेयकमध्ये महत्त्वपूर्ण विधेयक संसदीय समितिमा नै आएका छन्। विधेयकमाथि छलफल गरेर संसद्को 'फूल हाउसमा' पठाउने जिम्मेवारी समितिलाई छ। सरकारले बलपूर्वक संसद् ल्याएका कतिपय विधेयकलाई संसदीय समितिले होसियारीपूर्वक छलफल गर्नुपर्ने अवस्था आएको कांग्रेसका एक सांसद्ले बताए।

प्रस्तावित विधेयकमाथि कुन तरिकाले छलफल गर्ने संशोधनलाई कसरी अध्ययन गर्ने जस्ता विषयमा समितिका सदस्यले ध्यान नदिएमा विधेयक जनअपेक्षा अनुरूप नआउने खतरा पनि देखिएको उनले बताए। प्रतिनिधिसभाको अर्थ समितिमा बिमा विधेयक २०७५, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक २०७५, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) पहिलो संशोधन विधेयक रहेका छन्।

विधेयक समितिमा पुगेर अस्तव्यस्त भएको समितिमध्ये राज्य व्यवस्था समिति एक हो। यो समितिमा सबैभन्दा बढी विधेयक भए पनि धेरै विधेयकमाथि छलफल सुरु नै भएको छैन। छलफल भएका विधेयक पनि आधी बाटोमा अलपत्र छन्। यो समितिमा नेपाल नागरिकता(पहिलो संशोधन) विधेयक २०७५, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक २०७५, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) विधेयक २०७५, संघीय निजामती सेवा विधेयक २०७५, प्रहरी समायोजन विधेयक २०७५ रहेका छन्। पछिल्लो समय यो समितिले संघीय निजामती सेवा विधेयकमाथि छलफल गरेको थियो। विधेयकमा कूटनीतिक कर्मचारीमा प्रशासनका कर्मचारी लैजाने र मुख्यसचिव करारमा राख्ने कुरा ल्याउँदा विवाद मात्रै बढाएको थियो।

> विधेयकहरू संसदमा अल्झिएपछि कानुन निर्माण गर्ने थलो कानुन अल्झाउने थलोमा परिणत हुन थालेको टिप्पणी हुन थालेको छ ।

कानुन न्याय तथा मानवअधिकार समितिमा प्रशासकीय अदालत विधेयक २०७५ रहेको छ। यसमा प्रशासकीय इजलास राख्ने कि अदालत नै रहने भन्ने विषयमा विवाद आएका कारण यो विधेयक अलपत्र छ। राष्ट्रियसभाले प्रशासकीय इजलास राख्ने कुरा पारित गरेर पठाएको छ। उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्त हित समितिमा औद्योगिक व्यवसाय विधेयक, सेफ्गार्डस् एन्टिडम्पिङ तथा काउन्टरभेलिङ विधेयक २०७५ भर्खर पुगेका छन्। महिला तथा सामाजिक समितिमा ज्येष्ठ नागरिक पहिलो संशोधन विधेयक र कृषि समितिमा वन विधेयक, वातावरण संरक्षण विधेयक, भूमिसम्बन्धी (आठौं संशोधन) विधेयक २०७५ पनि गत जेठ १३ गते मात्रै पुगेका हुन्। विकास तथा प्रविधि समितिमा सूचना प्रविधिसम्बन्धी विधेयक २०७५, विज्ञापन (नियमन गर्ने) विधेयक २०७५ छन्। सूचना प्रविधि विधेयकलाई गत चैतमा नै सक्ने बताए पनि यो समितिले केही परिवर्तन गर्न सकेको छैन। सरकारले सामाजिक सञ्जाल नियन्त्रण गर्ने विषय यो विधेयकमा राखेर विधेयक ल्याएको छ। शिक्षा तथा स्वास्थ्य समितिमा परमाणविक विधेयक २०७५ दुई महिना देखि छ। राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिमा रहेका प्रमाण ऐन (दोस्रो संशोधन) विधेयक, संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक २०७५, शिक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक २०७५ रहेका छन्।

राहदानी विधेयक राष्ट्रपतिबाट फिर्ता आएको छ। त्यसबारे पनि कुनै छलफल भएको छैन। जीवनाशक विषादी व्यवस्थापन विधेयक र भू-उपयोग विधेयक राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभाबाट सन्देशको जानकारी आएका छन्। यसलाई प्रतिनिधिसभाले पारित गरेको छैन। यसैबीच, प्रतिनिधिसमा शान्ति र सुरक्षा, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको द्रुततर निर्माण तथा विकाससम्बन्धी विधेयक, राष्ट्रिय सुरक्षा परिषद् विधेयक, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान(पहिलो संशोधन) विधेयक, राष्ट्रिय मानवअधिकार आयोग विधेयक, बीउ बिजन ऐन २०४५ लाई संशोधन गर्न बनेको विधेयक, बिरुवा संरक्षण ऐन २०६४ लाई संशोधन गर्न बनेको विधेयक, खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गरी आठ विधेयक छन्।

राष्ट्रियसभामा नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक २०७६, गुठीसम्बन्धी कानुनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक २०७५, खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ दर्ता भएका छन् भने गुठी विधेयकमा सामान्य छलफलसमेत भएको अवस्था छ।

# लोकसेवालाई जनविश्वास कायम राख्न आग्रह

नागरिक संवाददाता
काठमाडौं, असार १

राष्ट्रपति विद्यादेवी भण्डारीले लोकसेवा आयोगले सार्वजनिक प्रशासनलाई अझै स्वच्छ, निष्पक्ष, सुदृढ र जवाफदेही बनाएर महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताएकी छिन्।

लोकसेवा आयोगको ६९ औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले सरकारले लिएको लक्ष्य पूरा गर्न सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष र जवाफदेही बनाउनुपर्ने र त्यसमा आयोगको महत्त्वपूर्ण भूमिका रहने बताइन्।

राष्ट्रपति भण्डारीले योग्यता, निष्पक्षता र स्वच्छता मुख्य कडी भएको भन्दै आयोगको काम र उसले जोगाएको शाखको खुलेर प्रशंसा गरिन्। स्थानीय तहका लागि लोकसेवा आयोगले खुलाएको विज्ञापन संसद्को राज्य व्यवस्था समितिले रद्द गर्न निर्देशन दिएपछि विभिन्न टिकाटिप्पणी उठिरहेका बेला राष्ट्रपति भण्डारीले लोकसेवाको निष्पक्षता र तटस्थताको खुलेर प्रशंसा गरेकी हुन्। 'आयोगले अहिले जनविश्वास जितेर काम गरिरहेको छ। भविष्यमा पनि थप जनविश्वासका साथ काम गर्नेछ,' भण्डारीले भनिन्, 'लोकसेवाले आफ्नो गरिमा, शाख र जनविश्वासलाई समुन्नत बनाउनेगरी काम गर्नुपर्छ।' आयोगले परीक्षा प्रणालीलाई समयसापेक्ष बनाउने प्रयास गरिरहेको बताउँदै उनले नवीनतम प्रविधिको उपयोग गरी समयसापेक्ष सुधार गर्नुपर्ने उल्लेख गरिन्। योग्यता, निष्पक्षता र स्वच्छतालाई ध्यानमा राखेर आफ्ना कार्यलाई सुरुमै सार्वजनिक गरी काम गर्नु नै आयोगको सफलताको मुख्य कडी भएको उनले बताइन्।



> योग्यता, निष्पक्षता र स्वच्छतालाई ध्यानमा राखेर आफ्ना कार्यलाई सुरुमै सार्वजनिक गरी काम गर्नु नै सफलताको मुख्य कडी हो ।

राष्ट्रपति भण्डारीले संवैधानिक अधिकार पाएको आयोगलाई सक्षम र मजबुत बनाउन सरकार र सम्बद्ध सबैले सहयोग गर्नुपर्नेसमेत बताइन्। उनले कर्मचारीलाई राष्ट्रको आर्थिक, सामाजिक उन्नति प्रगतिमा समर्पित भएर लाग्नसमेत आग्रह गरिन्। 'योग्य र सक्षम व्यक्ति सरकारी सेवामा भित्रिनुपर्छ,' राष्ट्रपति भण्डारीले भनिन्, 'आयोगले जनविश्वास जितेर निष्पक्षताका साथ काम गरिरहेको छ, भविष्यमा पनि थप जनविश्वासका साथ काम गर्नेमा विश्वस्त छु।'

**आयोगलाई कमजोर पार्ने प्रयास भयो : अध्यक्ष मैनाली**

कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीले सात दशकको यात्रामा जनविश्वास कायम गर्दै आइरहेको आयोगलाई अहिले कमजोर पार्ने प्रयास भएको बताएका छन्। वार्षिकोत्वसको अवसरमा बोल्दै अध्यक्ष मैनालीले स्थापित परम्परा, संविधान र ऐनको पालना गर्दै आयोगले स्थानीय तहको विज्ञापन गर्दा बिना कारण प्रश्न उठाएर आयोगलाई विवादमा ल्याउने काम भएको समेत बताए।

'संविधान कानून र स्थापित परम्परा अनुरूप आयोगले गरेको स्थानीय तहको विज्ञापनमा प्रश्न उठाएर आयोगको जनविश्वासको जगलाई कमजोर बनाउने प्रयास भएको छ,' अध्यक्ष मैनालीले भने, 'संवैधानिक अंगले संविधान र प्रचलित कानुनको उल्लंघन गर्ने कल्पनासमेत गर्न सक्दैन।' यसअघि स्थानीय तहमा पदपूर्तिका लागि आयोगले गरेको विज्ञापन समावेशी नभएको बहानामा संसद्को राज्यव्यवस्था समितिले विज्ञापन रद्द गरी करारमा कर्मचारी भर्ना गर्न निर्देशन दिएको थियो।

प्रचलित कानुनकै अधिनमा रहेर स्थानीय तहको मागबमोजिम सरकारबाट पदपूर्तिका लागि सिफारिस भएको स्थानीय तहको विज्ञापन रद्द गर्न निर्देशन दिएर राज्य व्यवस्था समितिले आयोगलाई विवादमा ल्याउन खोजेको भन्दै आयोग अहिले असन्तुष्ट छ। आयोगको पदपूर्तिको विषय अहिले सर्वोच्च अदालतमा विचाराधीन छ।

अध्यक्ष मैनालीले योग्यता, स्वच्छता र निष्पक्षताको मूल मर्मलाई आत्मसात गरेर काम गर्न स्वच्छ, शान्त र दबाबरहित वातावरणको आवश्यक पर्ने बताए। आयोगले हाल ७७ वटै जिल्लामा अनलाइनमार्फत दरखास्त दिन र जुनसुकै बैंकमार्फत आयोगको खातामा राजस्व जम्मा गर्न सकिने बताए। सरकारी निकायमा कर्मचारी छनोट र सिफारिस गर्न मुख्य दायित्व पाएको आयोगको स्थापना २००८ असार १ गते भएको थियो।

## राज्य व्यवस्था समितिको निर्देशनविरुद्ध रिट

नागरिक संवाददाता
काठमाडौं, असार १

लोकसेवा आयोगलाई संसद्को राज्य व्यवस्था समितिले दिएको निर्देशनविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ। संविधान तथा ऐनले नदिएको अधिकार राज्य व्यवस्था समितिले प्रयोग गरेको भन्दै विरुद्धमा रिट निवेदन परेको हो।

अधिवक्ता राजाराम घिमिरेले लोकसेवाले खोलेको विज्ञापन रद्द गर्न नहुने माग राख्दै रिट निवेदन दर्ता गरेका हुन्। राज्य व्यवस्था समितिले कानुन मिचेर स्वैरकल्पना गरी विधि वा कानुनी शासनको गम्भीर उल्लंघन गरेको दाबीसहित आइतबार अर्को निवेदन दर्ता भएको हो। स्थानीय तहमा चाहिने ९ हजार बढी कर्मचारी पदपूर्तिका लागि लोकसेवा आयोगले विज्ञापन खोलेपछि विवादित बनाइएको थियो।

विज्ञापनपछि लोकसेवा आयोगले समावेशी विज्ञापन नगरेको दाबी गर्दै यस अघि नै दुईवटा रिट निवेदन सर्वोच्चमा परिसकेका छन्। सर्वोच्चले लोकसेवा आयोगलाई विज्ञापनका विषयमा कारण मागेको छ। यसअघिको मुद्दा विचाराधीन छ।

'संविधान र ऐनले दिएको अधिकारभन्दा बाहिर गएर राज्य व्यवस्था समितिले कुनै पनि निर्देशन दिन र रद्द गर्नै सक्दैन' रिट निवेदनमा भनिएको छ, 'करारमा कर्मचारी पदपूर्ति गर्ने व्यवस्था कानुनमा नभएको हुनाले राज्य व्यवस्था समितिले निर्देशन दिँदैमा करारमा कर्मचारी पदपूर्ति हुनै सक्दैनन्।' कर्मचारी समायोजन समायोजन ऐनमा पदपूर्तिको कानुनी व्यवस्था गरेको भन्दै त्यस विपरित संघीय व्यवस्था प्रतिनिधिसभा राज्य व्यवस्था समितिले कानुन विपरित निर्देशन दिन पाउने अधिकार नभएको रिट निवेदनमा दाबी छ।

संविधानको धारा २४२ र २४३ अनुसार संवैधानिक निकायलाई कानुन विपरित निर्देशन गर्न नपाउने भएको हुनाले निर्देशन बदरको वैकल्पिक व्यवस्था नभएकाले निवेदन दर्ता गरेको निवेदकको दाबी छ। 'करारमा कर्मचारी पदपूर्ति गर्ने व्यवस्था कानुनमा नभएको हुनाले राज्य व्यवस्था समितिले निर्देशन दिँदैमा करारमा कर्मचारी पदपूर्ति हुनै सक्दैनन्' निवदेनमा भनिएको छ, 'शिशु अवस्थामा रहेका स्थानीय तहलाई जबर्जस्ती दलीय भर्तीकेन्द्र गराउन खोज्नुले संवैधानिक सर्वोच्चता भन्दा राजनीतिक सर्वोच्चता हाबी भएको छ।'

'हुँदै नभएको राजनीतिक सर्वोच्चतालाई लाद्न खोज्नु संविधान र कानुनको गम्भीर उल्लंघन भएको उल्लेख छ। राज्य व्यवस्था समितिले लिएको करारमा भर्ना गर्ने निर्देशनलाई उत्प्रेषणको आदेशले बदर गरी लोक सेवा आयोगको पदपूर्ति गर्ने विज्ञापनलाई यथावत् राखी विपक्षीका नाममा परमादेश जारी गरिपाउँ' रिट निवेदकमा भनिएको छ।

## 'त्रिपक्षीय सम्झौता पुनरावलोकन गर्न बेलायतले मानेन'

काठमाडौं, असार १ (नागरिक)- साताव्यापी युरोप भ्रमणबाट फर्किएका प्रधानमन्त्री केपी शर्मा ओलीले बेलायतसँग सन् १९४७ मा भएको त्रिपक्षीय सम्झौता पुनरावलोकन गर्न बेलायत तयार नभएको बताएका छन्। आइतबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै प्रधानमन्त्री ओलीले यस विषयमा अफूले बेलायती समकक्षी थेरेसा मेसँग छलफल गरेको बताए। 'मैले युकेमा प्रधानमन्त्री थेरेसा मेसँग पनि यो विषयमा कुरा गरेको हुँ। हाम्रो विचार वा सोच यो हो भनेर मैले भनेको हुँ। तर त्यो कुरा मात्र संयुक्त वक्तव्यमा आउँछ, जो दुवै पक्षलाई उत्तिकै सजिलोसँग स्वीकार्य हुन्छ। त्यो नभइसकेको अवस्थामा संयुक्त वक्तव्यमा आउँदैन,' उनले भने।

प्रधानमन्त्री ओलीले त्रिपक्षीय सम्झौता धेरै पुरानो भएको भन्दै त्यसले आजका आवश्यकतालाई निर्देशित वा नियन्त्रित गर्न सक्ने बताए। 'यो धेरै पुरानो भइसकेको छ, यो स्वभाविक हो कुनै आवेश उत्तेजना होइन' उनले भने। प्रधानमन्त्री ओलीले त्यो सन्धि भारतबाट ब्रिटिस गोर्खा भनिएका नेपाली दाजुभाइको रेजिमेन्ट बाँडिएका बेलाको भएकाले त्यस कुरालाई त्रिपक्षीयता राख्नुपर्ने आवश्यकता नभएको बताए। 'हामी दुईपक्षीय सहमतिमा जान सक्छौं, त्यसका लागि पुनरावलोकन गर्न सक्छौं,' उनले भने। ओलीले सम्झौताको समग्र पुनरावलोकनको पक्षमा रहेको भन्दै नेपालले उठाएको त्रिपक्षीय सम्झौता अब आवधिक नरहेको बताए। उनले यसको पुनरावलोकन गर्नुपर्छ भन्ने विषय भेटमा आफूले उठाएको बताए।

प्रदेश सभा सचिवालय
प्रदेश नं. १
विराटनगर, नेपाल

**भिडियो क्यामरा र भिडियो स्वीचर आपूर्ति गर्ने सम्बन्धी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७६/०३/०२)

प्रदेश सभा सचिवालय, प्रदेश नं. १, विराटनगरका लागि आवश्यक ल्यापटप, ब्रान्डेड डेक्सटप कप्युटर, प्रिन्टर आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि १५ औं दिनको कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट/प्यान दर्ता र आ.ब. २०७४/७५ को करचुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न गरी) पेश गरी यस सचिवालयबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ।

| दरभाउपत्र/ठेक्का नं. | मालसामानको विवरण | आवश्यक संख्या र प्राविधिक स्पेशिफिकेशन | दरभाउपत्र फाराम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| 7/075-76/ SPA | VIDEO CAMERA & VIDEO SWITCHER | दरभाउपत्र फाराममा संलग्न छ। | रु. १,०००।- | २६,०००।- | सिलबन्दी दर्ता |

विस्तृत विवरण यस सचिवालयको वेवसाइट http://stateassembly.p1.gov.np/ मा उल्लेख गरिएको छ।

**प्रतिस्पर्धा सम्बन्धी सूचना**

(प्रकाशित मिति: २०७६/०३/०२)

सन् १९९९ देखि आयोजना गरिँदै आएको **'NS'- Quality Award 2019** को लागि निर्धारित प्रक्रियाबाट छनौट गरी एक उद्योगलाई यस वर्षको **'NS'- Quality Award** तथा दुई वटा उद्योगहरूलाई **Letter of Appreciation** प्रदान गरिने भएकोले यस बर्षको लागि उक्त प्रतिस्पर्धामा भाग लिन यही २०७६ आषाढ मसान्तसम्म नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त गरेको कम्तिमा दुई वर्ष पूरा भएका उद्योगहरुबाट प्रतिस्पर्धामा सहभागिताका लागि आवेदन आह्वान गरिन्छ। आवेदन फारम भरी २०७६ आषाढ मसान्तसम्म कार्यालय समयभित्र यस विभागमा बुझाउन हुन सुचित गरिन्छ। आवेदन फारम यस विभागबाट उपलब्ध हुने छ तथा विभागको **Website** बाट पनि डाउनलोड गर्न सकिने छ।

**एन. एस. क्वालिटी एवार्ड समिति २०१९**
**'NS' - Quality Award Committee 2019**
**नेपाल गुणस्तर तथा नापतौल विभाग**
बालाजु, फोन. ४३५०४४७, ४३५०८१८ Ext. २२४
मो. नं. ९८४१४८९८२२
Website: www.nbsm.gov.np

गोकर्णेश्वर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
जोरपाटी, काठमाण्डौ
३ नं. प्रदेश, नेपाल

**बार्षिक कार्यक्रम पेश गर्ने सम्बन्धी सूचना**

प्रकाशित मिति २०७६/०३/०२

यस गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र क्रियाशिल विभिन्न गैर सरकारी संस्था तथा सामाजिक सामुदायिक संघ-संस्थाहरु आ.व.०७६/७७ मा यस नगरपालिका क्षेत्र संचालन गर्ने योजना तथा कार्यक्रमहरु यस नगरपालिकाको बार्षिक बजेट, योजना तथा कार्यक्रममा गराउनु पर्ने स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २५ बमोजिम प्रयोजनका लागि यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्र आफ्नो बार्षिक बजेट, योजना तथा कार्यक्रमहरुहरु तपशिल बमोजिमको ढाँचामा यस नगरपालिकामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

संस्थाको नाम :- जि.प्र.का. दर्ता नं. -
न.पा. दर्ता नं. ठेगाना:- पान दर्ता नं.
सम्पर्क व्यक्तिको नाम :- सम्पर्क नं.

| क.सं. | संचालन हुने क्रियाकलाप | संचालन हुने स्थान | लक्षित वर्ग/क्षेत्र | कार्यक्रमको बजेट | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

लिम्चुङबुङ गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
बाराहा, उदयपुर
प्रदेश नं.१, नेपाल

**करार सेवा दिने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७६।३।२

लिम्चुङबुङ गाउँपालिकाको लागि तपशिल अनुसार बस चालक, बस कन्टेक्टर र बस सह-चालक आवश्यक परेकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क.स. | बिज्ञापन नं. | पद | सेवा/समूह | माग संख्या | दरखास्त शुल्क रु. |
|---|---|---|---|---|---|
| १. | ०७/२०७५/७६ | बस चालक | विविध | २ | ५००।- |
| २. | ०८/२०७५/७६ | बस कन्टेक्टर | विविध | २ | ५००।- |
| ३. | ०९/२०७५/७६ | बस सह-चालक | विविध | २ | ५००।- |

शर्तहरु :

१. दरखास्त दिने स्थान: लिम्चुङबुङ गाउँपालिकाको कार्यालय, बाराहा उदयपुर।
२. परीक्षाको किसिम: प्रयोगात्मक र अन्तर्वार्ता हुनेछ।
३. सम्पर्क मिति: अन्तिम मितिको भोलिपल्ट र सो दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुल्ने पहिलो दिन।
४. दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टसम्म दरखास्त बुझाउन सकिने छ।
५. आवश्यक न्यूनतम शैक्षिक योग्यता: साधारण लेखपढ गर्न सक्ने।
६. सेवा सुविधा: चालकको हकमा नेपाल सरकारले तोके बमोजिम तथा कन्टेक्टर र सहचालकको हकमा गाउँकार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराइने।
७. दरखास्त फाराम र सूचना यस लिम्चुङबुङ गाउँपालिकाको कार्यालयको बेभसाईट **www.sunkoshimunudayapur.gov.np** बाट समेत प्राप्त गर्न र हेर्न सकिने छ।
८. दरखास्त फारम साथ पेश गर्नु पर्ने कागजातहरु : नेपाली नगरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बस चालकको चालक अनुमति पत्रको प्रमाणित प्रतिलिपि, हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो तथा अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। पेश गरिएका सबै प्रतिलिपिहरुको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गर्नु पर्नेछ।
९. दरखास्त दस्तुर वापतको रकम यस लिम्चुङबुङ गाउँपालिकाको कार्यालयको राष्ट्रिय बाणिज्य बैंक गाईघाट, उदयपुरमा रहेको खाता नं.२०९०३०४०१८१०६ (संचित कोष) खातामा बुझाई सो को सक्कल रसिद दरखास्त फाराम साथ राख्नु पर्नेछ।
१०. यस सम्बन्धमा थप जानकारीका लागि लिम्चुङबुङ गाउँपालिकाको कार्यालय बाराहा, उदयपुर तथा मोवाईल नं. ९८४२९१७६२० वा ९८१७३४३६०९ मा सम्पर्क राख्न सकिने छ
११. सम्पर्क मिति दरखास्त बुझाउने अन्तिम दिनको भोलिपल्ट।

**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
सहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**संघीय आयोजना कार्यान्वयन इकाई**
धनगढी, कैलाली

**भूल सुधार सम्बन्धमा**

यस कार्यालयको नागरिक दैनिकमा मिति २०७६/०३/०१ मा प्रकाशित योजनाहरुको म्याद थपका लागि पेश गर्ने सम्बन्धी सूचनामा निवेदन पेश गर्ने अन्तिम मिति २०७६ असार ११ गते हुनु पर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ।